# खाँडादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## माकादुम, रामेछाप
## बागमती प्रदेश, नेपाल

**नदिजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना!!!**

प्रथम पटक प्रकाशित मिति: २०७९/०७/२५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क र प्रदेश आर्थिक ऐन, २०७९ को खण्ड ६ को अनुसूची-५ को सि.नं. (२) तथा यस खाँडादेवी गाउँपालिकाका सार्वजनिक खरिद नियमावली २०७६ को दफा १३८ मा व्यवस्था भए अनुसार खाँडादेवी गाउँपालिकाको राजस्व परामर्श समितिको मितिः २०७९।०७।२२ गतेको निर्णयले आई.इ.इ. प्रतिवेदनमा उल्लेखित परिमाणको आधारमा आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी खाँडादेवी गाउँपालिकाले तोकिएको दरमा बिक्री गर्ने गरि आर्थिक वर्ष २०७९/०८० का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | ठेक्काको विवरण | कूल जम्मा न्यूनतम वार्षिक ठेक्का अंक रु. (मु.अ.क बाहेक) | बोलपत्र फारम दस्तुर रु. | संकलन तथा निकासिको परिमाण (घ.फि.) | शूल्क प्रति घन फिट (मु.अ.क बाहेक) |
|---|---|---|---|---|---|---|
| १.०० | KRM-NCB-REVENUE-01-2079/80 Sunkoshi | Internal Revenue Collection and Sale for River Based materials (Stone, Gravel, Aggregate and Sand) of Sunakoshi and Tamakoshi River in Khandadevi Rural Municippality,Makadum Ramechhap. | रु. १,२७,६९,२००/- | रु. ३०००/- | १४ लाख १८ हजार ८ सय घन फिट | प्रति घन फिट रु. ९/- ( नौं रुपैया मात्र) |
| २.०० | KRM-NCB-REVENUE-02-2079/80 Tamakoshi | | रु. ५८,६६,२००/- | | ६ लाख ५१ हजार ८ सय घन फिट | |

१. बोलपत्र फारम को सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फारम बापतको दस्तुर तिरी www.bolpatra.gov.np बाट कार्यालय समयमा खरिद गर्न सकिनेछ।

२. बोलपत्र साथ आफ्नो कबोल गरेको अंकको ५% ले हुने रकम यस कार्यालयको लक्ष्मी बैक लि. खाँडादेवी शाखा गोगनपानी स्थित धरौटी खाता नं.०८५०३०००१९० मा जम्मा गरेको सक्कल भौचर साथै राखि खाम बाहिर प्रस्ट बुझिने गरी ढुङ्गा,गिट्टी,बालुवा संकलन तथा विक्री कार्यको बोलपत्र उल्लेख गरी बोलपत्र भनी नाम समेत उल्लेख गरी बोलपत्र दाताको नाम,थर,ठेगाना समेत स्पष्ट उल्लेख गरी बोलपत्रदाताले प्रत्यक पानामा सहिछाप गरि पेश गर्नु पर्ने छ। साथै बोलपत्र फारमका साथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यावसाय दर्ताका प्रमाणित इजाजत पत्र,अद्यावधिक नविकरण फर्म,संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र स्थायी लेखा नम्बर प्रमाणपत्र ,आ.व.२०७८/०७९ को कर चुक्ताको प्रमाणपत्र,बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको लक्ष्मी बैक लि. रहेको आन्तरीक राजस्व खाता नं. ०८५०३००००२६ मा जम्मा गरेको भौचर (रकम फिर्ता नहुने) समेत समावेश गर्नुपर्नेछ। खरिद भएको बोलपत्र स्पष्ट सँग भरी यो सुचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२:०० बजेभित्र www.bolpatra.gov.np बाट कार्यालमा दर्ता गराईसक्नु पर्नेछ। यसरि दर्ता हुदाको बखत एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन। संशोधन पेश गर्न चाहेमा ३१ औं दिनको १२:०० बजे भित्र संशोधन पेश गर्नुपर्नेछ।

३. रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे विभन्न कार्यालयको प्रतिनिधि एवं बोलपत्रदाता वा निजका प्रतिनिहिरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा बोलपत्रदाताको प्रतिनिधी उपस्थित नभएतापनि बोलपत्र खोल्ने काममा बाधा पर्ने छैन।

४. रित नपुगि, म्याद नाघि तथा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।

५. ठेकेदारले रकम बुझाउँदा पहिलो किस्ताको रकम ठेक्का अंकमा ५० प्रतिशत कायम गरिने र अन्य दुई किस्ता २५ प्रतिशत का दरले विभाजन गरिनेछ। एक मुष्ट रकम बुझाएमा नियमानुसार १० प्रतिशत छुट प्राप्त हुनेछ। पहिलो किस्ताको रकम सम्झौता अगाडीनै जम्मा गर्नु पर्नेछ। दोश्रो किस्ताको रकम माघको अन्तिम साता र अन्तिम किस्ता चैत्रको अन्तिम हप्ता भित्र यस कार्यालयमा बुझाउनुपर्नेछ।पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि सो बराबरको ठेक्का अवधिभरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंक ग्यारेण्टी सम्झौता भए बखत पेश गर्नु पर्नेछ।

६. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस खाँडादेवी गाउँपालिकामा सुरक्षित रहेनछ। दर्ता हुन आएका बोलपत्रहरु मध्ये स्वीकृत बोलपत्रलाई सम्झौता गर्न आउन भनी सूचना दिईनेछ। सम्झौता भए पश्चात नियमानुसार कार्यादेश लिई कार्य संचान गर्नु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर ठेकेदार आफैले बुझाउनु पर्ने छ। मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मू .अ. कर रकम किस्ता भुक्तानी संगै अग्रिम रुपमा बुझाउनुपर्नेछ।

८. बोलपत्र खरिदको अन्तिम दिन सार्वजानिक विदा पर्न गएको खण्डमा उक्त कार्यहरु विदा सके लगतैको कार्यालय खुल्ने दिन हुनेछ।

९. कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नुपर्नेछ। नगदि रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ।

१०. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोडन् पाइने छैन। विचैमा ठेकेदारले ठेक्का तोडेमा वा तोकिएको समय सिमामा किस्ता बापदको रकम दाखिला नगरेमा निजबाट असुल हुन वाँकी रकममा १० प्रतिशत ब्याज हर्जना जोडी अशुलउपर गरिनेछ। यसरी ठेक्का तोडीन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कबोल गरेभन्दा कम रकम उठन गएमा सो रकम पनि पूर्व ठेकेदार बाटै सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

११. गाउँपलिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नु पर्नेछ। सवारी आवागमनलाई असर पर्ने गरी घाट राख्न पाईने छैन।

१२. बोलपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता भएको प्रमाणपत्र पेश गरेपछि मात्र फिर्ता दिईनेछ।

१३. खोलाबाट सामाग्रीहरु उत्खनन तथा संकलन गर्दा विहान सूर्योदय पश्चात र बेलुका सुर्यास्त अगावै गरिसक्नु पर्नेछ। साथै मापदण्ड विपरित कुनै किसिमको उत्खनन तथा संकलन गर्न पाईनेछैन।

१४. यस ठेक्का उपर कुनै किसिमको विवाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ।

१५. ढुङ्गा, गिटि, बालुवा, ग्राभेल जस्ता नदिजन्य समाग्री खोलाबाट संकलन गरी यस गाउँपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नुपर्नेछ। घाटगद्दी गरिएको ढुङ्गा, गिटि, बालुवा, ग्राभेल जस्ता नदिजन्य समाग्रीको परिमाण यस गाउँपालिकाको अनुगमन समितिबाट एकिन गरी विक्री गर्नुपर्नेछ।

१६. यस ठेक्काको सम्झौता अवधि सम्झौता भएको मितिले २०७९ जेठ मसान्त सम्म कायम हुनेछ।

१७. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। सम्पर्क नं.९८५४०४३७४०, ९८४९६१९९८६।

१८. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

# भुल सुधार सम्बन्धी सूचना!

प्रथम पटक संसोधन गरिएको मिति: २०७९/०७/२७

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७९/०७/२५ गते प्रकाशण भएको नदिजन्य पदार्थ विक्रिको लागि ठेक्का नं. KRM-NCB-REVENUE-01-2079/80 र KRM-NCB-REVENUE-0२-2079/80 को बोल पत्र आह्वान सम्बन्धि सूचनामा यस ठेक्काको सम्झौता अवधि २०८० जेष्ठ मसान्त हुनुपर्नेमा अन्यथा भएको हुँदा सरोकारवाला सम्पुर्णमा भुल सुधार गरिएको जानकारी गराईन्छ।

प्रमुख प्रशासकीय अधिकृत